# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश , नेपाल

मोः ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{ info@mandavimun.gov.np
mandavimun2073@gmail.com


## प्रस्ताव आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७७/१२/२५**

माण्डवी गाउँपालिका र प्रदेश सरकार, लुम्बिनी प्रदेशको शसर्त अनुदान अन्तर्गत आ.व.२०७७/०७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार माण्डवी गाउँपालिकामा एक स्थानीय तह एक उत्पादन कार्यक्रममा तरकारी खेति छनौट भएको हुँदा कम्तिमा ३ वटा क्लस्टरमा ब्यबसायिक खेति गर्न चाहनेलाई अनुदानमा रु. १७ लाख प्रास भएकोले गाउँपालिकाका इच्छुक कृषक समुहहरु,कृषि सहकारीले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति२०७८/०१/०८ गते भित्र) यस कार्यालयमा तपशिल अनुसारका कागजातहरु संलग्न राखि विवरण आवेदन सहित प्रस्ताव पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड यस कार्यालयबाट प्रास गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्रास हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

**सर्तहरु**

- कार्यकम संचालन गर्दा कृषकहरुलाई प्रति ब्यक्ति बढीमा रु.२० हजार वा ५० प्रतिशत भन्दा बढी नहुने गरि अनुदान दिइनेछ ,
- तरकारी वाली संग सम्बन्धित सामुहिक खेति ब्यबसाय वा सामुहिक प्रयोगमा आउने पूर्वाधार तथा संकलन केन्द्र निर्माण,
- दुग्ध चिस्यान उपकरण खरिद गर्न,
- कृषि पर्यटन लागि पूर्वाधार निर्माण
- व्यक्तिगत कृषक वा कृषि **उद्यमी** बिउ,नश्ल, मल,दाना,बिषादी,स-साना कृषि औजार, वाली संरक्षक सामग्री थोपा सिंचाईको लागि आवस्यक सामग्री खरिद, प्लास्टिक घर, मौरी घरको लागि च्याउ घर र पोका खरिद गर्नु पर्नेछ ,
- समुहले तरकारी उत्पादन र बजारीकरण गर्न आवश्यक यन्त्र उपकरण खरिद गर्न सक्नेछ,
- पूर्वाधार निर्माण, सामुहिक सिचाई/चक्लाबन्दि/खेति/ सकलन केन्द्र/वाली रोप्ने/काट्ने प्रशोधन गर्ने सामग्री खरिद गर्न सक्नेछ ।
- अनुग्रहिले प्रतिब्यक्तिले विल अनुसारको रकम ५०% नबढ्ने गरि बढीमा रु. २० हजारक दरले अनुदान प्रास गर्नेछन ,
- सामुहिक रुपमा खेति गर्ने समुह वा सहकारी मार्फत संचालन हुने परियोजनाका लागि बजेटको परिधिभित्र रहि कुल लागतको ५०% वा१० लाख जुन कम हुन्छ सो बराबरको रकम भुक्तानी हुनेछ,

**संलग्न गर्नुपर्ने कागजातहरु**

१.व्यक्तिगत कृषक वा कृषि उद्दमी हकमा सन्क्षिप्त प्रस्ताव सहित कार्यकम माग लिन चाहेको आवेदन पत्र ।

२.सम्बन्धित स्थानीय तह वा वडाको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने र कर्यक्रम दिन उपयुक्त हुने सिफारिस,

३. समुह वा संस्थाको हकमा कार्यसमिति वैठकले प्रस्ताव सहित कार्यकम माग गर्नेको निर्णय प्रतिलिपि

६. कृषक समूह/कृषि सहकारी/फर्महरुको हकमा दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।

७. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको फोटोकपी ।

८. योजना संचालन सम्बन्धि समूह/सहकारी/उपभोक्ता समितिको बैठकको निर्णय प्रतिलिपि ।

९. सम्बन्धित कृषि विकास तथा पशुपन्छी विकास शाखाको सिफारिस ।

१०. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

११. जग्गा धनीको पुर्जाको फोटोकपी ।

१२. कार्ययोजना ।

१२/२५

शिशिर रिमाल
प्रमुख प्रशासकीय अधिकृत